# प्रदेश सरकार
## प्रदेश नं ५
## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## वुटवल, नेपाल

सचिव बैठक नं : १९
मिति : २०७५।१०।०३

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव, | प्रदेश नं ५ |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री केशव राज आचार्य, | सचिव, | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री धनन्जय पौडेल, | सचिव, | उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय |
| श्री यामनारायण देवकोटा, | सचिव, | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री जनार्दन पौडेल | नि. सचिव, | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री सहदेव बहादुर भण्डारी | नि. सचिव, | भौतिक पूर्वाधार विकास मन्त्रालय |

<u>आमन्त्रित</u>

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय, | उपसचिव, | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ज्ञानहरी घिमिरे | उपसचिव, | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

<u>निर्णयहरु</u>

१. गत सचिव बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सम्वन्धमा छलफल गरी कार्यान्वयन प्रारम्भ हुन बाँकी रहेका कार्यक्रम तथा समस्यामूलक देखिएका कार्यक्रमको कार्यान्वयन समिक्षा बैठकमा मा. मुख्यमन्त्रीज्यूबाट भएका निर्देशन अनुरुप तदारुकताका साथ कार्यान्वयन प्रक्रिया अगाडि बढाउने ।

२. कुनै कार्यक्रम कार्यान्वयन गर्नका लागि जग्गा प्राप्तिसम्वन्धी कानूनी व्यवस्था तथा प्रक्रियाका सम्वन्धमा कुनै समस्या भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई पत्राचार गर्ने ।भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सो सम्वन्धमा आवश्यक भए संघीय मन्त्रालय समेतबाट जानकारी लिई सहजीकरण गर्ने ।

३. नेपाल सरकार (मन्त्रिपरिषद्)बाट निर्णय भई यस प्रदेशमा हस्तान्तरण भएका दुइवटा सडक डिभिजन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गुल्मी तथा सामाजिक विकास

मन्त्रालय अन्तर्गतका स्वास्थ्य सम्वन्धी कार्यालयहरुका सम्वन्धमा आवश्यक प्रक्रिया पुरा गरी कार्यक्रम बाँडफाँड वा रकम खर्च गर्ने अख्तियारी लगायतका विवरण उपलब्ध गराई सम्वन्धित मन्त्रालयहरुले अविलम्व कार्यक्रम कार्यान्वयन वा सेवा प्रवाहमा सहजीकरण गर्ने ।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयले चालू आ. ब. ०७५/७६ को बजेटको मध्यावधि समिक्षा तथा मध्यकालिन खर्च संरचना (MTEF) तर्जुमा सम्वन्धी कार्यलाई प्राथमिकतामा राखी कार्ययोजना सहित प्रक्रिया प्रारम्भ गर्ने । साथै समपूरकतर्फका आयोजना छनौट तथा स्वीकृती कार्य तोकिएकै समयभित्र सम्पन्न गर्ने ।

५. आगामी फागुन ३ गते प्रदेश स्थापना दिवस मनाउने सन्दर्भमा देहायबमोजिमको तयारी तथा व्यवस्था गर्ने ।

क. सो दिवसमा मूल समारोह, संचार सम्वाद कार्यक्रम, प्रदेश स्थापना पछि हालसम्म भए गरेका गतिविधि तथा उपलब्धीहरु समावेश गरी पुस्तिका प्रकाशन तथा १५ मिनेट सम्मको एक डकुमेन्ट्री तयार गर्ने ।

ख. दिवस समारोहलाई व्यवस्थित गर्न कर्मचारी तहमा देहायबमोजिमको दुइवटा समितिहरु गठन गर्ने ।

१. दिवस आयोजना व्यवस्थापन समिति :

संयोजक: सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय
सदस्य : प्रदेश मन्त्रालयका सचिवहरु
सदस्य सचिव : उपसचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय

२. प्रकाशन समिति :

संयोजन : सचिव (बैठक तथा प्रशासन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सदस्य : सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय
सदस्य सचिव : उपसचिव, श्री ज्ञानहरी घिमिरे, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
आमन्त्रित सदस्य : डा. विष्णु प्रसाद गौतम, सदस्य, प्रदेश योजना आयोग

३. डकुमेन्ट्रि तयारी : सचिव, श्री बसन्त अधिकारी
उपसचिव, श्री यमकान्त पाण्डेय

ग. दिवसको समग्र समन्वय तथा बजेट खर्च व्यवस्था आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट गर्ने । यसका निमित्त आवश्यक क्रियाकलापगत तथा कूल बजेट अनुमान तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति सहित प्रदेश सरकार (मन्त्रिपरिषद)मा प्रस्ताव पेश गर्ने ।

घ. प्रकाशन गरिने पुस्तिकामा समावेश गर्ने सामग्री यसपूर्वको बैठकमा निर्दिष्ट गरिएको ढाँचामा सबै मन्त्रालयहरुले तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा माघ १० गते भित्र पठाउने । साथै, यस पुस्तिकामा समावेश गर्न आवश्यक विवरण प्रदेश सभा सचिवालय, आयोगहरु र मुख्यान्यायाधिवक्ताको कार्यालयमा समेत अनुरोध गर्ने । प्रथम खण्डमा प्रदेशको चिनारीका लागि आवश्यक विवरण प्रदेश योजना आयोगबाट लिने ।

ङ. उक्त अवसरमा गरिने कार्यक्रमहरुको पहिचान, प्रक्रिया र प्रगतिस्थिति २०७५ माघ १५ गते हुने सचिव बैठकमा व्यवस्थापन समितिका संयोजकले पेश गर्ने ।

६.विविध :

क. सबै मन्त्रालयहरुले कार्यालय भवन तथा परिसरको सरसफाइमा विशेष ध्यान दिने ।

ख. कर्मचारीहरुलाई कार्यालयमा रहँदा अनिवार्य रुपमा तोकिएको पोशाक र परिचयपत्र लगाउन लगाई सोको नियमित अनुगमन गर्ने ।

ग. कर्मचारी कार्यालय समयमा वाहिर जानुपर्दा अनिवार्य रुपमा लगबुक भर्ने व्यवस्था गर्ने ।

घ. सरकारी सवारी साधनको दुरुपयोग हुन नदिने । विदाको समयमा सरकारी सवारी साधन प्रयोग गर्नुपर्ने भएमा अनुमति लिएर मात्र गर्ने व्यवस्था गर्ने ।

२०७५।१०।३